# माण्डवी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

मो: ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail { info@mandavimun.gov.np
mandavimun2073@gmail.com


## करार सेवामा Backhoe Loader अपरेटर (चालक) आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८०/०९/२३**

माण्डवी गाउँपालिका, प्यूठानको लागि आवश्यक रहेको Backhoe Loader अपरेटर (चालक) पदमा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा रितपुर्वक दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। दरखास्त फारम यस कार्यालयको वेबसाइट **www.mandavimun.gov.np** बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन।

**तपशिल**

**१. पदको विवरण**

| क्र.स. | विज्ञापन नं. | पद | तह/श्रेणी | पद संख्या | परीक्षा दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| ०१ | १०/०८०/८१ | Backhoe Loader अपरेटर (चालक) | श्रेणी विहिन | १ (एक) | ३००/- |

**२.आवश्यक न्युनतम योग्यता :**

क. साधारण लेखपढ गर्न सक्ने ।

ख. Backhoe Loader अपरेटर (चालक) को अनुमति पत्र (लाइसेन्स) प्राप्त गरेको।

ग. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

घ. भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने कुनै कारवाही नभएको।

ङ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको।

**३. दरखास्त साथ संलग्न गर्नुपर्ने आवश्यक कागजात:**

क. नेपाली नागरिकताको प्रमाण पत्र,

ख. हालसालै खिचिएको पासपोर्ट साइजको ३ प्रति फोटो,

ग. Backhoe Loader अपरेटर (चालक) को अनुमति पत्र (लाइसेन्स),

घ. अनुभव भए सो को कागजात, दरखास्त दस्तुर बुझाएको नगदी रसिद सहित उल्लेखित प्रमाण-पत्रका प्रतिलिपिहरू १ प्रति स्वयंम प्रमाणित गरि दरखास्त साथ यस गाउँपालिकाको कार्यालयमा पेश गर्न सकिनेछ।

**४. दरखास्त बुझाउने स्थान:** माण्डवी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय जस्पुर, प्यूठान।

**५. छनौटको किसिम**: प्रयोगात्मक र अन्तर्वार्ता।

**६. दरखास्त दिने अन्तिम मिति**: २०८०/१०/०८ गते सम्म सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन।

**७.परीक्षा मिति :** पछि प्रकाशन गरिनेछ।

**८. सेवा सुविधा र अन्य :** गाउँपालिकाको नियमानुसार।

**९. करार अवधि :**२०८१ असार मसान्त सम्म ।

**१०. थप जानकारीको लागि सम्पर्क नं :**९८५७८३६००६ मा सम्पर्क गर्न सक्नुहुनेछ।

२०८०/०९/२३

**प्रकाश पाण्डे**
**प्रमुख प्रशासकीय अधिकृत**